गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ९ चौमाला, कैलाली फागुन २७ गते, बुधबार २०८२ (संख्या ३)

गौरीगङ्गा नगरपालिका नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा प्रयोग गरिने भारी उपकरण सञ्चालन अनुमति कार्यविधि, २०८२

कार्यपालिकाबाट स्वीकृत मितिः २०८२।०९।२०

प्रस्तावना :

यस नगरपालिकाको पूर्वाधार विकास कार्यमा ढुङ्गा, गिट्टी, वालुवा लगायतका नदिजन्य पदार्थहरुको अभाव हुन नदिई सहज र नियमित रुपमा आपूर्ति गर्न, उत्खनन् छिटो र कम लागतमा सम्पन्न गर्न, सार्वजनिक महत्वका विकास निर्माणमा सहयोग पुर्याउन, दुर्घटनाको जोखिम न्यूनीकरण गर्न, उत्खनन् कार्य प्रस्तावनामा तोकिएको मापदण्ड भित्र रही तोकिएको स्थानमा मात्र संचालन गर्न र नगरपालिकालाई गिट्टी, ढुङ्गा, वालुवा एवं माटोजन्य वस्तुको विक्रि गर्ने अधिकारको उपयोग गर्न व्यवहारिक तथा नीतिगत प्रक्रिया निर्धारण गर्न वान्छनीय भएकोले यस नगरपालिकाको कार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ । यस कार्यविधिले नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा प्रयोग हुने भारी उपकरणको अनुमति, नवीकरण, नियन्त्रण तथा अनुगमन सम्बन्धी व्यवस्था गर्दछ।

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस कार्यविधिको नाम "नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा प्रयोग गरिने भारी उपकरण सञ्चालन अनुमति कार्यविधि, २०८२" रहेको छ।

१.२ यो कार्यविधि गौरीगंगा नगरपालिका भित्र लागू हुनेछ ।

१.३ यो कार्यविधि गौरीगंगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

गौरीगंगा राजपत्र

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

२.१. "कार्यविधि" भन्नाले "नदीजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा प्रयोग गरिने भारी उपकरण सञ्चालन अनुमति कार्यविधि, २०८२" जनाउने छ ।

२.२. "प्रदेश मन्त्रालय" भन्नाले सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयलाई जनाउने छ ।

२.३. "अनुगमन तथा सुपरीवेक्षण समिति" भन्नाले नगरपालिकामा नगर उप-प्रमुखको संयोजकतत्वमा गठित समितिलाई जनाउने छ । सो समितिको पदेन सदस्यको रुपमा उत्खनन् तथा संकलन हुने वडाको वडा अध्यक्ष रहनेछ ।

२.४ "नगरपालिका" भन्नाले गौरीगङ्गा नगरपालिकाको कार्यालयलाई जनाउने छ ।

२.५. "नदीजन्य पदार्थ" भन्नाले उत्खनन् गर्न अनुमति भएको नदी, खानी वा बगर क्षेत्रबाट संकलन र उत्खनन् गर्दा निस्कने रोडा, ढुङ्गा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भरुवा र माटो समेतलाई जनाउनेछ ।

२.६. "वातावरणीय प्रभाव मूल्यांकन (EIA)" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्य पदार्थ उत्खनन् तथा ओसारपसार गर्न सम्बन्धित निकायद्वारा स्वीकृत Environmental Impact Assessment (वातावरणीय प्रभाव मूल्याकंन प्रतिवेदन) लाई जनाउने छ ।

२.७. "प्रारम्भिक वातावरणीय परीक्षण (IEE)" भन्नाले ढुङ्गा, गिट्टी, वालुवा जस्ता नदीजन्यपदार्थ उत्खनन् तथा ओसारपसार गर्न सम्बन्धित निकायद्वारा स्वीकृत Initial Environmental Examination (प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन) लाई जनाउने छ ।

२.८. "वातावरणीय अध्ययन" भन्नाले वातावरणीय प्रभाव मूल्यांकन र प्रारम्भिक वातावरणीय परीक्षण (EIA/IEE) लाई जनाउने छ ।

२.९ "आर्थिक ऐन" भन्नाले गौरीगङ्गा नगरपालिकाको आर्थिक ऐन सम्झनु पर्दछ ।

२.१०: " भारी उपकरण " भन्नाले Backhoe Loader र Excavator लगायतका आदि भारी उपकरणलाई सम्झनु पर्दछ ।

२.११: "अनुमति" भन्नाले यस कार्यविधि बमोजिम नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा प्रयोग गर्न भारी उपकरणहरुको नगरपालिकाबाट प्राप्त हुने स्वीकृतिलाई सम्झनु पर्दछ।

३. **संकलन तथा उत्खनन्को लागि कार्यविधिले तोकेको क्षेत्र :** यो कार्यविधि निम्न क्षेत्र भित्र मात्र लागू हुने छ ।

३.१. नदीजन्य वा खानीजन्य पदार्थ उत्खनन् र बिक्री वितरण गर्न स्थानीय तह वा प्रदेश मन्त्रालयले स्वीकृत गराएको वातावरणीय अध्ययन प्रतिवेदनले स्वीकृत गरेका स्थान तथा क्षेत्रहरु।

३.२. नदी, खोला र खहरेमा बाढी पहिरोका कारणले नदीजन्य पदार्थ थुप्रन गई सोको कारणले प्रकोप जोखिम निम्तिन सक्ने भएकोले त्यस्ता क्षेत्रहरु बाट नदिजन्य पदार्थ हटाउन प्रचलित कानुन बमोजिम व्यवस्था भए अनुसार हुनेछ।

गौरीगंगा राजपत्र

४. नदिजन्य पदार्थ उत्खनन् तथा संकलन क्षेत्र

४.१. संकलन तथा उत्खनन्को लागि कार्यविधिले तोकेको क्षेत्र : यो कार्यविधिले नगरपालिकाको शिबगंगा नदी, गौरीगंगा नदी, चौमाला नदी, र कान्द्रा नदि र अण्डैया लिक्मा नदिमा IEE प्रतिवेदनले तोकेका क्षेत्रबाट नदिजन्य पदार्थ उत्खन्न तथा संकलनको लागि लागू हुने छ ।

५. भारी उपकरण प्रयोगको अनुमति, विधि र प्रक्रिया

शिबगंगा नदी, गौरीगंगा नदी, चौमाला नदी, र कान्द्रा नदि र अण्डैया लिक्मा नदीमा नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा भारी उपकरण प्रयोगमा ल्याउदा देहायको विधि/प्रक्रिया अवलम्बन गर्नु पर्नेछ ।

- नगरपालिकाबाट अनुमति दिइएको भारी उपकरण मात्र प्रयोगमा ल्याउने ।
- EIA/IEE मा तोकिएको स्थानमा मात्र भारी उपकरणको प्रयोग गर्ने ।
- भारी उपकरण सूर्योदय देखि सूर्यास्तको समयमा मात्र प्रयोग गर्ने ।
- नगरपालिकाले प्रत्येक साइटमा एक महिनाको लागि एउटा-एउटा (Backhoe Loader र Excavator) भारी उपकरणको अनुमति दिने छ तर नदिजन्य पदार्थको माग र त्यहाँको वातावरणीय अवस्था र उत्खनन्/संकलन हुने नदिजन्य पदार्थको स्वीकृत परिमाण अनुसार थप उपकरणको लागि आवश्यकता एकिन गरि अनुमति दिन सक्ने छ ।
- भारी उपकरण प्रयोग गरिने नदी र नदिजन्य पदार्थ उत्खनन् तथा संकलन हुने साइट किटान गरि अनुमति दिने ।
- नदीमा प्रयोग हुने भारी उपकरणको अनुमति माग गर्दा सम्बन्धित ठेकेदारले सक्कल निवेदन सहित **अनुसूची-१** बमोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।

६. ठेकेदारको जिम्मेवारी र उत्तरदायित्व

शिबगंगा नदी, गौरीगंगा नदी, चौमाला नदी, र कान्द्रा नदि र अण्डैया लिक्मामा नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा ठेकेदारको जिम्मेवारी र उत्तरदायित्व निम्नानुसार हुनेछ।

- EIA/IEE प्रतिवेदनमा उल्लेख भएको मापदण्ड र सर्तहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ।
- EIA/IEE प्रतिवेदनमा तोकिएको स्थान र तोकिएको परिमाण मात्र नदिजन्य पदार्थ उत्खनन् तथा संकलन कार्य गर्नुपर्नेछ ।
- भारी उपकरण प्रयोगमा ल्याउदा अनुमति प्राप्त भारी उपकरणले तोकिएको स्थानमा, तोकिएको समयमा मात्र पर्योग गर्नु पर्नेछ ।

गौरीगंगा राजपत्र

- भारी उपकरण प्रयोगमा ल्याउदा तोकिएको संख्या भन्दा बढी, तोकिएको स्थान भन्दा बाहीर प्रयोगले गर्दा हुने जरिवाना/दण्डको भागेदार सम्बन्धित ठेक्कामा लिएको ठेकेदार हुनेछ ।
- भारी उपकरण समयावधि समाप्त वा संचालनमा नआउने अवस्था भएमा सम्बन्धित ठेकेदारले तुरुन्त जानकारी गराउनु पर्नेछ ।
- भारी उपकरण प्रयोग गर्दा नदीको प्राकृतिक बहावलाई अवरोध नहुने गरि प्रयोग गर्नुपर्नेछ।

७. अनुमति शुल्क

EIA/IEE गरेका शिबगंगा नदी, गौरीगंगा नदी, चौमाला नदी, र कान्द्रा नदि र अण्डैया लिक्मा नदिबाट नदिजन्य पदार्थको उत्खनन् तथा संकलन कार्यमा प्रयोग हुने भारी उपकरणकाहरु उक्त कार्यमा प्रयोगमा ल्याउदा नगरपालिकाको निर्णय वा आर्थिक ऐन मा भएको व्यवस्था अनुरूप पालिकाका लागि अनुमति शुल्क तिरेर मात्र संचालनमा ल्याउनु पर्नेछ ।

८. अनुगमन तथा निरीक्षण

नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समिति वा सम्बन्धित निकायले समय-समयमा भारी उपकरणको प्रयोग र उत्खनन् स्थलको अनुगमन गर्नेछ। अनुगमन टोलीले उत्खनन् स्थल र उपकरणको निरीक्षण गर्दा ठेकेदारले आवश्यक कागजात पेस गर्नुपर्नेछ।

९. कारबाही र जरिवानाः

यस कार्यविधि वा प्रचलित कानुन, मापदण्ड वा ठेक्का सम्झौताका शर्तहरूको उल्लंघन गरी भारी उपकरण सञ्चालन गरेको पाइएमा नगरपालिकाले तत्काल भारी उपकरण जफत (Seize) गर्न सक्नेछ। जफत गरिएका उपकरणलाई प्रचलित कानुन अनुसार जरिवाना तोकी कारबाही गर्न सकिनेछ। गम्भीर प्रकृतिको उल्लंघन गरेको पाइएमा अनुमति रद्द गरी उत्खनन् कार्य रोक्न र प्रचलित कानुन बमोजिम थप सजाय का लागि सम्बन्धित निकायमा सिफारिस गर्न सकिनेछ। नगरपालिकाको अनुमति र नवीकरण विना भारी उपकरण प्रयोग गरेको पाइएमा गौरीगंगा नगरपालिकाको आर्थिक ऐन मा तोकिए बमोजिमको दण्ड जरिबाना गरिनेछ ।

१०. अन्य व्यवस्थाः

१. यस कार्यविधिमा उल्लिखित नभएका विषयमा सम्बन्धित ऐन, नियमावली, कार्यविधिको प्रावधान लागू हुनेछ।

२. कार्यविधि कार्यान्वयन गर्न सम्बन्धित निकायले आवश्यक निर्देशन, परिपत्र वा सूचना जारी गर्न सक्नेछ।

गौरीगंगा राजपत्र

अनुसूची-१

भारी उपकरण सञ्चालन अनुमति निवेदनको ढाँचा

मितिः.....

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
गौरीगङ्गा नगरपालिका कार्यालय,
चौमाला, कैलाली ।

विषयः भारी उपकरण सञ्चालन अनुमति सम्बन्धमा।

महोदय,

प्रस्तुत विषयमा, **गौरीगङ्गा नगरपालिका** द्वारा प्रकाशित ठेक्का सूचना बमोजिम मैले/हाम्रो फर्म/कम्पनीले **[नदीको नाम/उत्खनन् स्थलको नाम]** को नदीजन्य पदार्थ उत्खनन् तथा संकलन/बिक्री गर्ने कार्यको ठेक्का सम्झौता गरी उत्खनन् कार्य गर्न लागेको व्यहोरा अवगत गराउन चाहन्छु।

उक्त कार्यलाई तोकिएको समयसीमा र मापदण्डभित्र सम्पन्न गर्नका लागि देहाय बमोजिमका भारी उपकरणहरू प्रयोग गर्नुपर्ने भएकाले, सो उपकरण सञ्चालनको अनुमति प्रदान गरिदिनुहुन यो निवेदन पेश गरेको छु।

१. ठेक्का सम्बन्धी विवरणः

क्र.स.	विवरण	उल्लेख गर्नुपर्ने
१	ठेक्का सम्झौता नं.	
२	ठेक्का अवधि	
३	उत्खनन् गरिने क्षेत्रको नाम	
४	स्वीकृत परिमाण (घन मिटर)	

२. प्रयोग गरिने उपकरणको विवरणः

क्र.सं.	भारी उपकरणको नाम	गाडी नं.	मोडल/चेसिस नं.	चालकको लाइसेन्स नं.
१				
२				
३				

३. संलग्न कागजातहरूः

१. ठेक्का सम्झौताको प्रतिलिपि।

२. प्रयोग गरिने उपकरणहरूको दर्ता प्रमाणपत्र (ब्लुबुक) को प्रतिलिपि।

३. भारी उपकरण सञ्चालन गर्ने चालकको अनुमतिपत्र (लाइसेन्स) को प्रतिलिपि।

४. अनुमति शुल्क तिरेको सक्कल भौचर ।

५. ठेकेदार र भारी उपकरण चालकको नागरिकताको प्रतिलिपि ।

गौरीगङ्गा राजपत्र

अतः, आवश्यक जाँचबुझ गरी उल्लेखित उपकरणहरूलाई तोकिएको क्षेत्र र समयसीमाभित्र सञ्चालन गर्न पाउने गरी अनुमति प्रदान गरिदिनुहुन अनुरोध गर्दछु।

निवेदकको विवरणः

विवरण	**उल्लेख गर्नुपर्ने**
फर्मको नाम	
प्रतिनिधिको नाम	
सम्पर्क नम्बर	
इमेल ठेगाना	
दस्तखत	
मिति	
फर्मको छाप	

आज्ञाले
प्रमुख प्रशासकीय अधिकृत

गौरीगंगा राजपत्र